# जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र/ प्रादेशिक आयुर्वेद अस्पतालबाट सञ्चालन गरिने कार्यक्रमहरूको वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व. २०७९/८०)

( प्रदेश सरकार, माननीय मन्त्रीस्तर मिति २०७९/०४/२६ गतेको निर्णय अनुसार स्वीकृत)

**प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**प्रदेश नं १, बिराटनगर**

# विषयसूची


| क.सं | कार्यक्रमको नाम | पृष्ठ संख्या |
|---|---|---|
| १. | माहामारी रोकथामका लागि व्याधिक्षमता अभिवृद्धि कार्यक्रम | २ |
| २. | आयुर्वेद औषधि खरिद | २ |
| ३. | सःशुल्क आयुर्वेद अस्पताल फार्मेसी सञ्चालन | ३ |
| ४. | क्षारसूत्र सेवा सञ्चालन | ४ |
| ५. | पञ्चकर्म सेवा सञ्चालन | ५ |
| ६. | आयुर्वेद सेवा सवलिकरणका लागि स्थानीय प्रतिनिधि एवं स्वास्थ्यकर्मीहरु संग अन्तरक्रिया कार्यक्रम | ६ |
| ७. | महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि आयुर्वेद सेवा सम्बन्धि अभिमुखीकरण कार्यक्रम | ६ |
| ८. | स्वस्थ जीवनशैली व्यवस्थापन कार्यक्रम | ७ |
| ९. | आयुर्वेद अस्पताल सचालन सुदृढिकरण | ८ |
| १०. | आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा अन्तरंग सहितको विस्तारित सेवा कार्यक्रम | ९ |
| ११. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको भवन निर्माणार्थ DPR | १० |
| १२. | होमियोप्याथी औषधि खरीद | ११ |
| १३. | होमियोप्याथी चिकित्सा सेवा कार्यक्रम | १२ |
| १४. | फिजियोथेरापी सेवा सञ्चालन | १२ |

**<u>प्रत्येक कार्यक्रम / क्रियाकलाप सञ्चालन गर्दा मूलतः कार्यालय प्रमुख, लेखा प्रमुख, फोकल पर्सनले ध्यान दिनुपर्ने महत्वपूर्ण कुराहरू</u>**

१. प्रत्येक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यस वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका राम्ररी अध्ययन गरी अनिवार्य रूपमा पालना गर्नु पर्दछ।

२. यस पुस्तिका उल्लेखित कुराहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका फोकल पर्सनको हुनेछ।फोकल पर्सन विषयसँग सम्बन्धित हुनु पर्नेछ।यदि विषयसँग सम्बन्धित फोकल पर्सन नभएको खण्डमा उक्त विषयमा दक्ष कर्मचारीलाई फोकल व्यक्तिको जिम्मेवारी दिनु पर्नेछ।

३. प्रत्येक स्वीकृत कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको प्रकृति र बजेटको परिधिभित्र रही प्रचलित **"सार्वजानिक खरिद ऐन, २०६३"**, **"सार्वजानिक खरिद नियमावली, २०६४"**, भ्रमण ऐन तथा नियमावली, प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं.१ को **"सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका,२०७५"**(अन्य कुनै ऐन, नियमावली, कार्यविधि, निर्देशिका नयाँ निर्माण भए सो समेत) बमोजिम कार्यक्रम सुरू गर्नुपूर्व कार्यक्रम सञ्चालन प्रक्रिया, अनुमानित खर्च, सहभागी तथा स्रोत व्यक्ति, सहजकर्ता विवरण, कार्यक्रम सञ्चालन हुने स्थान, मिति, खरिद गर्नुपर्ने मालसामानहरुको विवरण तथा खर्च रकम समेत बाँडफाँड गरि कार्यालय प्रमुखबाट टिप्पणी आदेश स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

४. सञ्चालन गरेको प्रत्येक कार्यक्रमको प्रतिवेदन सहित भौतिक तथा वित्तिय प्रगति विवरण त्रैमासिक रुपमा अनिवार्य स्वास्थ्य मन्त्रालय, विराटनगर र स्वास्थ्य निर्देशनालय धनकुटामा पेश गर्नु पर्नेछ।

५. स्वास्थ्य मन्त्रालय, विराटनगर तथा स्वास्थ्य निर्देशनालय धनकुटाले कार्यक्रमको स्थलगत तथा उपलब्ध भएको प्रतिवेदनको आधारमा अनुगमन गर्न सक्नेछ।

## १. कार्यक्रमको नामः महामारी रोकथामका लागि व्याधिक्षमता अभिवृद्धि कार्यक्रम (खर्च शीर्षक २२५२२, कोड २.५.११.१)

| उपशीर्षक | विवरण |
|---|---|
| परीचय | कोभिड-१९ तथा भवितव्य हुन सक्ने अन्य महामारी (जनपदोध्वंस) को आयुर्वेदमा वर्णन गरीएका उपायहरुद्वारा रोकथाम एवं प्रतिकारका लागि यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| उद्देश्य | आयुर्वेद पद्धति अनुसार महामारी रोकथामका लागि व्याधिक्षमता वृद्धि गर्ने । |
| अपेक्षित उपलब्धि | सर्वसाधारण जनसमुदाय महामारी रोकथामका उपायहरुको बारेमा सुसूचित हुने ।<br>आयुर्वेदमा निर्दिष्ट गरिएका औषधि, स्वस्थवृत्त पालना तथा घरेलु वनन्सपतिजन्य जडीबुटीको प्रयोगले व्याधिक्षमता वृद्धि भई महामारी रोकथाममा सहयोग पुग्ने । |
| सञ्चालन प्रक्रिया | • तत्काल कोभिड १९ र अन्य महामारी रोकथामका लागि आवश्यक सन्देश मुलक सामाग्री निर्माण गरि प्रचार प्रसार गर्ने तथा महामारी रोकथामका लागि आयुर्वेद संस्थाहरुबाट प्रदान गरीने सेवाहरु सबैले देखिने गरी कार्यालयमा होर्डिंग बोर्ड बनाउने ।<br>• आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले तयार पारेको कोभिड १९ रोकथाम तथा व्यवस्थापनका लागि protocol अनुसारको क्रियाकलाप संचालन गर्ने ।<br>• अन्य महामारीमा उपयोगी रसायन औषधि तथा पञ्चविध कषाय कल्पनाको वितरण तथा प्रयोग सम्बन्धि जानकारी गराउने ।<br>• यो कार्यक्रम सम्बन्धित संस्था तथा प्रभावित समुदयामा समेत संचालन गर्न सकिनेछ ।<br>• प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिद गरि व्यबस्थापन गर्ने । |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम । |
| सञ्चालन गर्ने निकाय | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर । |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## २.कार्यक्रमको नामः आयुर्वेद औषधि खरिद (खर्च शीर्षक २७२१३, कोड ७.२.९.८)

| उपशीर्षक | विवरण |
|---|---|
| परीचय | गुणस्तरीय आयुर्वेद औषधिहरुको सहज आपुर्ति एवं उपयोगलाई सुनिश्चित गर्दै आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आउने सेवाग्रहीहरुलाई तोकिएको अत्यावश्यक आयुर्वेद औषधि निःशुल्क रुपमा निरन्तर उपलब्ध गराउने उद्देश्यले यो कार्यक्रम राखिएको हो । |

| | |
|---|---|
| **उद्देश्य** | • स्थानीय रुपमा देखिने रोगहरूको प्राथमिकता अनुसार निरन्तर व्यवस्था हुनेगरी अत्यावश्यक आयुर्वेद औषधि खरिद गर्ने ।<br>• निःशुल्क औषधि सहितको सेवा निरन्तर प्रवाह गर्ने । |
| **अपेक्षित उपलब्धि** | आवश्यक सेवा र औषधिको नियमित उपलब्धता हुनेछ । |
| **सञ्चालन प्रक्रिया** | • आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागद्वारा तोकिएको अत्यावश्यक आयुर्वेद औषधिहरुको गत वर्षको खपतको आधारमा परिमाण निर्धारण गर्ने ।<br>• प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार अत्यावश्यक आयुर्वेद औषधिहरु खरिद गर्ने ।<br>• खरिद गरिएका औषधिहरुको आम्दानी बाँधी दाखिला प्रतिवेदन स्वास्थ्य निर्देशनालय धनकुटामा पेश गर्ने । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

**३.कार्यक्रमको नामः सःशुल्क आयुर्वेद अस्पताल फार्मेसी सञ्चालन (खर्च शीर्षक २२५२२, कोड २.७.२२.८४)**

| उपशीर्षक | **विवरण** |
|---|---|
| **परीचय** | आयुर्वेद सेवालाई प्रभावकारी रुपमा सञ्चालन गरी विरामी एवं सेवाग्राहीहरुलाई आफ्नै फार्मेसी मार्फत सुलभ एवं गणस्तरीय सेवा प्रदान गर्न यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | विरामी एवं सेवाग्राहीहरुलाई आफ्नै फार्मेसी मार्फत सुलभ दरमा गुणस्तरीय आयुर्वेद औषधिहरु उपलब्ध गर्ने । |
| **अपेक्षित उपलब्धि** | विरामी एवं सेवाग्राहीहरुलाई सुलभ दरमा गुणस्तरीय आयुर्वेद औषधिहरु उपलब्ध हुनाले आयुर्वेद सेवाको प्रभावकारीता अभिवृद्धि भएको हुनेछ । |
| **सञ्चालन प्रक्रिया** | • सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि अन्तरगत रहेर सःशुल्क आयुर्वेद अस्पताल फार्मेसी सञ्चालनका लागि एक जना वैद्य चौथो तहमा करारमा नियुक्ति गर्ने ।<br>• यस अघि सःशुल्क आयुर्वेद अस्पताल फार्मेसीमा काम गर्दै आएकालाई निरन्तरता दिन सकिनेछ ।<br>• प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुरको हकमा सःशुल्क आयुर्वेद अस्पताल फार्मेसीको सुरुवाती सञ्चालनका लागि सिड मनीको समेत व्यवस्था गरीएको हुँदा सोही बमोजिम नियमानुसार आयुर्वेद औषधिहरुको व्यवस्था गर्ने ।<br>• सेवा करारमा भएका कर्मचारीको कार्यसम्पादनको नियमित मुल्याङ्कन र अनुगमन गर्ने । |

| | |
|---|---|
| **बजेट बाँडफाँड** | ४,२८,०००/-(जनशक्तिको लागि पारिश्रमिक तथा चाडपर्व खर्च समेत समावेश गरीएको) ७,७२,०००/- (प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुरको लागि Seed Money ) |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरंग, झापा, उदयपुर,इलाम तथा प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

**४.कार्यक्रमको नामः क्षारसूत्र सेवा सञ्चालन (खर्च शीर्षक २२५२२, कोड २.७.२२.७)**

| उपशीर्षक | **विवरण** |
|---|---|
| **परीचय** | आयुर्वेदमा वर्णन गरीएको minimum invasive विधि अपनाएर गरीने क्षारसूत्र चिकित्साद्वारा गुद विकार ( Anorectal diseases ) सम्बन्धि रोगहरुको शल्यकर्म गरी उपचार गर्न यो कार्यक्रम सञ्चालन गरीएको हो । |
| **उद्देश्य** | तोकिएको आयुर्वेद संस्थावाट क्षारसूत्र सेवा सञ्चालन गरी गुद विकार (Anorectal diseases) सम्बन्धि रोगहरुको शल्यकर्म गर्ने । |
| **अपेक्षित उपलब्धि** | गुद विकार (Anorectal diseases) सम्बन्धि रोगहरुको minimum invasive विधि अपनाएर गरीने क्षारसूत्र चिकित्साद्वारा उपचार भएको हुनेछ । |
| **सञ्चालन प्रक्रिया** | • सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि अन्तर्गत रहेर क्षारसूत्र सेवा सञ्चालन सहयोगार्थ विरामीहरूको Pre-operative, Operative र Post-operative हेरचाहका लागि एक जना स्टाफ नर्स पाँचौ तहमा करारमा नियुक्ति गर्ने ।<br>• यस अघि क्षारसूत्र सेवा सञ्चालन भएका संस्थाहरूमा काम गर्दै आएकालाई निरन्तरता दिन सकिनेछ ।<br>• सेवा करारमा भएका कर्मचारीको कार्यसम्पादनको नियमित मुल्याङ्कन र अनुगमन गर्ने ।<br>• क्षारसुत्र सेवा संचालनका लागि चाहिने अति आवश्यक औषधि, औजार, उपकरण आदिको सुची तयार पारी प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिद गरी व्यवस्थापन गर्ने । |
| **बजेट बाँडफाँड** | ४,५१,५००/-(जनशक्तिको लागि पारिश्रमिक तथा चाडपर्व खर्च समेत समावेश गरीएको) र ४८,५००/- (सञ्चालन तथा व्यवस्थापन खर्च) |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरङ, झापा, उदयपुर तथा इलाम । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

**५.कार्यक्रमको नामः पञ्चकर्म सेवा सञ्चालन (खर्च शीर्षक २२५२२, कोड २.७.२२.८)**

| उपशीर्षक | विवरण |
|---|---|
| **परीचय** | आयुर्वेदमा मुख्य गरी चिकित्सालाई संशमन तथ संशोधन गरी दुई भागमा वर्गिकरण गरीएको छ ।जिल्ला स्थित आयुर्वेदका संस्थाहरुवाट प्रदान भईरहेको सेवाहरु जस्तै औषधि व्यवस्था, स्नेहन, स्वेदन आदि कर्महरु संशमन चिकित्सा अन्तर्गत रहेको तथा त्यसलाई थप विस्तार गर्दै रोगलाई समूल नाश गर्न र स्वस्थ व्यक्तिको स्वास्थ्य प्रवर्धनका लागि संशोधन चिकित्सा अन्तर्गत रहेको पञ्चकर्मका प्रधान कर्महरुको सेवा समेत प्रदान गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| **उद्देश्य** | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आउने सेवाग्राहीहरूको जाँच गरी पञ्चकर्मको माध्यमबाट स्वास्थ्य संरक्षण, प्रवर्धन, आवश्यक उपचार र उचित परामर्श दिने । |
| **अपेक्षित उपलब्धि** | • यस सेवाबाट बिरामी तथा सेवाग्राहीहरूको स्वास्थ्य संरक्षण, प्रवर्धन र पुर्नस्थापनामा सघाउ पुग्नेछ एवं व्याधि न्यूनीकरण हुनेछ । |
| **सञ्चालन प्रक्रिया** | • सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि अन्तर्गत रहेर पञ्चकर्म सेवा सञ्चालनार्थ विरामी तथा सेवाग्राहीहरूको पूर्वकर्म(Pre-operative), प्रधानकर्म(Operative) र पश्चातकर्म( Post-operative) मा सहायक काम गर्न र हेरचाहका लागि एक जना महिला र एक जना पुरुष गरी जम्मा दुई जना वैद्य चौथो तहमा करारमा नियुक्ति गर्ने ।<br>• पञ्चकर्मको सहायक कार्यमा कम्तिमा एक वर्षको अनुभव भएका व्यक्तिलाई प्राथमिकता दिने ।<br>• सेवा करारमा भएका कर्मचारीको कार्यसम्पादनको नियमित मुल्याङ्कन र अनुगमन गर्ने ।<br>• पञ्चकर्म कार्यक्रम संचालन भएका आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा प्रयोजनका लागि AMIS मा तोकिए बमोजिमको फाराम बनाउने ।<br>• आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आएका सेवाग्राहीलाई स्वास्थ्य जाँच गरी समस्याको पहिचान गरी आवश्यकता अनुसार पञ्चकर्म सेवाका लागि सिफारिस गर्ने ।<br>• पंचकर्म अन्तर्गत रहेका प्रधान कर्म वमन, विरेचन, अनुवाशन वस्ति, आस्थापन वस्ति, तथा नस्य कर्महरू सञ्चालन गर्ने ।<br>• कार्यक्रम संचालनको लागि आवश्यक उपकरण औषधि लगायत अन्य सामाग्री बजेट व्यवस्था भएअनुसार अनुसूची १,२ मा तोकिए बमोजिम गर्ने । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरङ, इलाम । |
| **बजेट बाँडफाँड** | ८,५६,०००/-(जनशक्तिको लागि पारिश्रमिक तथा चाडपर्व खर्च समेत समावेश गरीएको) र १,५०,०००/- (सञ्चालन तथा व्यवस्थापन खर्च) |

| | |
|---|---|
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

**६.कार्यक्रमको नामः आयुर्वेद सेवा सवलिकरणका लागि स्थानीय प्रतिनिधि एवं स्वास्थ्यकर्मीहरु संग अन्तरक्रिया कार्यक्रम (खर्च शीर्षक २२५२२, कोड २.७.२२.८३)**

| उपशीर्षक | विवरण |
|---|---|
| **परीचय** | आयुर्वेद संस्थाहरुमा सेवाग्रहीहरुको पहुँच एवं जनसहभागिता बढाएर आयुर्वेद सेवालाई स्थानीय सरकारको समेत प्राथमिकतामा राखी थप सुदृढ गर्दै प्रभावकारी सेवा प्रदान गर्न आयुर्वेद सेवा सवलिकरणका लागि स्थानीय प्रतिनिधि एवं स्वास्थ्यकर्मीहरु संग अन्तरक्रिया कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | आयुर्वेद संस्थाहरुमा सेवाग्रहीहरुको पहुँच एवं जनसहभागिता बढाएर प्रभावकारी सेवा प्रदान गर्ने । |
| **अपेक्षित उपलब्धि** | यस अन्तरक्रिया कार्यक्रमबाट आयुर्वेद संस्थाहरुबाट प्रदान हुने सेवाहरु थप सुदृढ गर्न एवं जनसहभागिता बढाएर प्रभावकारी आयुर्वेद सेवा प्रदान गर्न सहयोग पुग्नेछ । |
| **सञ्चालन प्रक्रिया** | • आयुर्वेद स्वास्थ्य संस्था रहेको पालिकाका प्रमुख/उपप्रपमुख सहित प्रनतिनिधिहरु, वडाध्यक्ष, स्वास्थ्य संयोजक एवं स्वास्थ्य संस्थाका प्रमुखहरुको सहभागितामा आयुर्वेद सेवा सवलिकरणका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।<br>• संघ, प्रदेश र स्थानीय सरकारबाट उपलब्ध भएका कार्यक्रमका विषयमा छलफल गर्दै राज्यबाट प्रत्याभुत गरीएको आधारभुत आयुर्वेद सेवा समेतलाई थप सुदृढ गर्दै प्रभावकारी सेवा प्रदान गर्ने विषयमा छलफल गर्नै । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

**७.कार्यक्रमको नामः महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि आयुर्वेद सेवा सम्बन्धि अभिमुखीकरण कार्यक्रम (खर्च शीर्षक २२५२२, कोड २.७.२२.८५)**

| उपशीर्षक | विवरण |
|---|---|
| **परीचय** | समुदायमा आयुर्वेद सेवा सम्बन्धि ज्ञानको अभिवृद्धि गरेर आयुर्वेद संस्थाहरुमा सेवाग्राहीहरुको आकर्षण बढाउन सघाउ पुर्याउनका लागि महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आयुर्वेद सेवा सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| **उद्देश्य** | समुदायमा आयुर्वेद सेवा सम्बन्धि ज्ञानको अभिवृद्धि गर्ने । |

| | |
|---|---|
| **अपेक्षित उपलब्धि** | आयुर्वेद सेवा सम्बन्धि समुदायमा प्रचार प्रसार भई आयुर्वेद संस्थाहरुमा सेवाग्राहीहरुको संख्यामा वृद्धि हुने । |
| **सञ्चालन प्रक्रिया** | • जिल्लामा आयुर्वेद स्वास्थ्य केन्द्र/ आयुर्वेद औषधालय/ सेवा केन्द्र रहेको पालिका संग समन्वय गरेर कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुको विवरण तयार गर्ने ।<br>• जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले सोही पालिकामा रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सहभागी गराई आयुर्वेद चिकित्सा माथि प्रकाश पार्दै आयुर्वेद सेवा सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>• आयुर्वेद संस्था रहेका जिल्ला स्थित अन्य पालिकाहरुमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रबाट एक जना संयोजक एवं सम्बन्धित आयुर्वेद संस्थाको समन्वयमा बजेटको परिधी भित्र रही यो अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय, नागरीक आरोग्य सेवा केन्द्र । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

**८.कार्यक्रमको नामः स्वस्थ जीवनशैली व्यवस्थापन कार्यक्रम (खर्च शीर्षक २२५२२, कोड २.७.२२.९८)**

| उपशीर्षक | **विवरण** |
|---|---|
| **परीचय** | स्वस्थ र दीर्घायु जीवन प्राप्तीका लागि आयुर्वेदमा वर्णन गरीएका सद्वृत, दिनचर्या, ऋतुचर्या, धारणीय एवं अधारणीय वेग, योग, व्यायाम आदिका माध्यमबाट अस्वस्थकर आहार तथा जीवनशैलीका कारण दिन प्रतिदिन बढ्दै गईरहेको नसर्ने रोगको प्रकोप एवं जोखिमलाई न्युनीकरण गरी स्वस्थ जीवनशैली व्यवस्थापन गर्न यो कार्यक्रम सञ्चालन गरीएको हो । |
| **उद्देश्य** | आयुर्वेद स्वास्थ्य केन्द्रबाट सेवाग्रहीहरुलाई स्वस्थ जीवनशैली व्यवस्थापन सम्बन्धि सेवा प्रदान गर्ने । |
| **अपेक्षित उपलब्धि** | सद्वृत, दिनचर्या, ऋतुचर्या, धारणीय एवं अधारणीय वेग, योग, व्यायाम आदिका माध्यमबाट स्वस्थ जीवनशैली व्यवस्थापन गरी नसर्ने रोगको प्रकोप एवं जोखिमलाई न्युनीकरण गर्न सहयोग पुग्नेछ । |
| **सञ्चालन प्रक्रिया** | • सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि अन्तर्गत रहेर स्वस्थ जीवनशैली व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि एक जना आयुर्वेद चिकित्सक आठौं तहमा करारमा नियुक्ति गर्ने । |

| | |
|---|---|
| | • यस अघि कार्यरत रहेका आयुर्वेद चिकित्सकलाई कार्यमुल्याङ्कनको आधारमा प्राथमिकता दिनेगरी निरन्तरता दिन सकिनेछ ।<br>• जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा आउने सेवाग्राहीहरुलाई सद्वृत, दिनचर्या, ऋतुचर्या, धारणीय एवं अधारणीय वेग, व्यायाम आदिका माध्यमबाट स्वस्थ जीवनशैली व्यवस्थापन सम्बन्धि परामर्श सेवा सञ्चालन गर्ने ।<br>• योग प्राणायाम आदिको नियमित अभ्यास गराउने ।<br>• स्नेहन, स्वेदन, शिरोधारा, कटिवस्ति, जानुवस्ति, ग्रीवावस्ति आदि सेवा प्रदान गर्ने ।<br>• सेवा करारमा भएका कर्मचारीको कार्यसम्पादनको नियमित मुल्याङ्कन र अनुगमन गर्ने । |
| **बजेट बाँडफाँड** | ६,३४,०००/-(जनशक्तिको लागि पारिश्रमिक तथा चाडपर्व खर्च समेत समावेश गरीएको) |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, झापा। |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

**९.कार्यक्रमको नामः आयुर्वेद अस्पताल सचालन सुदृढिकरण (खर्च शीर्षक २२५२२, कोड २.७.२२.७९)**

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **परीचय** | आयुर्वेद संस्थाहरुवाट प्रभावकारी एवं गुणस्तरीय सेवा प्रदान गरी एकरुपता कायम गर्न तथा न्यूनतम सेवा मापदण्ड हासिल गर्न यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| **उद्देश्य** | आयुर्वेद संस्थाहरूमा चालु आ.वमा बजेट कार्यक्रममा नरहेका वा अपुग भएको क्रियाकलापमा Minimum Service Standard प्राप्तिका लागि आवश्यक कार्य गर्ने । |
| **अपेक्षित उपलब्धि** | आयुर्वेद अस्पतालहरूबाट प्रदान गरिने सेवाको गुणस्तरमा वृद्धि हुने । |
| **सञ्चालन प्रक्रिया** | • आयुर्वेद सस्थाहरुको Minimum Service Standard ले तोकेको लक्ष्य प्राप्तिका लागि सोहि अनुसारका सामग्री, AMIS व्यवस्थापन, मेसिनरी औजार, फर्निचर, लगायत आवश्यक क्रियाकलाप संचालन एवं व्यवस्थापन गर्ने ।<br>१. प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४अनुसार खरिद गरि व्यबस्थापन गर्ने । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

**१०.कार्यक्रमको नामः आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा अन्तरंग सहितको विस्तारित सेवा कार्यक्रम (खर्च शीर्षक २२५२२, कोड २.७.२२.८०)**

| उपशीर्षक | विवरण |
|---|---|
| **परीचय** | प्रदेशमा रहेका आयुर्वेद स्वास्थ्य केन्द्रहरुबाट सेवाग्राहीहरुलाई विशेषगरी वहिरंग प्रकृतिका सेवा प्रदान गरीरहेको परिप्रेक्षमा आयुर्वेद सेवालाई समयानुकुल थप विस्तार गरी अन्तरंग सहितको प्रभावकारी आयुर्वेद सेवा प्रदान गर्न यो कार्यक्रम प्रस्ताव गर्न लागिएको हो । |
| **उद्देश्य** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा अन्तरंग सहितको विस्तारित सेवा कार्यक्रम सञ्चालन गर्ने । |
| **अपेक्षित उपलब्धि** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा अन्तरंग सहितको विस्तारित सेवा कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | • सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि अन्तर्गत रहेर आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा अन्तरंग सहितको विस्तारित सेवा कार्यक्रम सञ्चालनार्थ जनशक्ति करारमा नियुक्ति गर्ने ।<br>• जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पाँचथर एवं सुनसरीमा यस कार्यक्रम अन्तरगत एक जना आयुर्वेद चिकित्सक आठौं तहमा, दुई जना अनमी चौथो तहमा तथा एक जना कार्यलय सहयोगी करारमा नियुक्ति गर्ने ।<br>• जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र इलाममा यस कार्यक्रम अन्तरगत एक जना आयुर्वेद चिकित्सक आठौं तहमा, दुई जना अनमी चौथो तहमा तथा दुई जना कार्यलय सहयोगी करारमा नियुक्ति गर्ने ।<br>• जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरंगमा यस कार्यक्रम अन्तरगत एक जना कन्सल्टेण्ट काय चिकित्सक नवौं तहमा, एक जना आयुर्वेद चिकित्सक आठौं तहमा, तीन जना अनमी चौथो तहमा तथा दुई जना कार्यलय सहयोगी करारमा नियुक्ति गर्ने ।<br>• यस अघि आयुर्वेद संस्थाहरूमा काम गर्दै आएकाहरुलाई निरन्तरता दिन सकिनेछ ।<br>• सेवा करारमा भएका कर्मचारीको कार्यसम्पादनको नियमित मुल्याङ्कन र अनुगमन गर्ने ।<br>• अन्तरंग सहितको विस्तारित सेवा कार्यक्रम संचालन भएका आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा प्रयोजनका लागि AMIS मा तोकिए बमोजिमको फाराम बनाउने ।<br>• आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आएका सेवाग्राहीलाई स्वास्थ्य जाँच गरि समस्याको पहिचान गरी आवश्यकता अनुसार विरामी भर्न गरी उपचार गर्ने । |

| | |
|---|---|
| | • अन्तरंग सहितको विस्तारित सेवा कार्यक्रम संचालनको लागि चाहिने विरामी भर्ना गर्ने वेड, आवश्यक उपकरण लगायत अन्य सामाग्री स्वास्थ्य सम्बन्धि औजार उपकरण खरीद कार्यक्रमबाट गर्ने । |
| **बजेट बाँडफाँड** | आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा अन्तरंग सहितको विस्तारित सेवा कार्यक्रम सञ्चालनका लागि तलको विवरण अनुसार रकम विनियोजन गरीएको छ ।<br>क. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरंग २९,००,०००(जनशक्तिको लागि पारिश्रमिक तथा चाडपर्व खर्च समेत समावेश गरीएको) र १,००,०००/-( सञ्चालन तथा व्यवस्थापन खर्च)<br>ख. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, इलाम २१,३२,०००/- (जनशक्तिको लागि पारिश्रमिक तथा चाडपर्व खर्च समेत समावेश गरीएको)<br>ग. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सुनसरी तथा पाँचथर १६,१२,०००/- (जनशक्तिको लागि पारिश्रमिक तथा चाडपर्व खर्च समेत समावेश गरीएको) र २,००,०००/- (सञ्चालन तथा व्यवस्थापन खर्च) |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरङ, सुनसरी, इलाम तथा पाँचथर । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

**११.कार्यक्रमको नामः जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको भवन निर्माणार्थ DPR (खर्च शीर्षक ३११३५, कोड ११.५.२४.१)**

| उपशीर्षक | विवरण |
|---|---|
| **परीचय** | प्रदेश नं १ मा कतिपय जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र/आयुर्वेद औषधालयको भवन जीर्ण अवस्थामा रहेको एवं कतै भाँडाको भवनमा कार्यालय सञ्चालन गर्दा सेवा प्रवाहमा विविध कठीनाइ उत्पन्न हुने गरेको अवस्थामा फराकिलो सुविधा सम्पन्न भवनबाट गुणस्तरीय एवं प्रभावकारी आयुर्वेद सेवा प्रदान गर्ने प्रयोजनका लागि जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको भवन निर्माणार्थ DPR कार्य गर्न लागिएको हो । |
| **उद्देश्य** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको भवन निर्माणार्थ DPR तयार गर्ने । |
| **अपेक्षित उपलब्धि** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र/आयुर्वेद औषधालयको भवन निर्माणार्थ DPR तयार भई भवन निर्माणको मार्ग प्रशस्त हुने । |
| **सञ्चालन प्रक्रिया** | • जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र/आयुर्वेद औषधालयको भवन निर्माणका लागि जग्गा नभएमा मापदण्ड बमोजिमको उपयुक्त जग्गा प्राप्तिको सुनिश्चितता गर्ने ।<br>• जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र/आयुर्वेद औषधालयको निर्माण गर्ने कार्यका लागि स्वास्थ्य निर्देशनालय, धनकुटासंगको समन्वय एवं स्वीकृतिमा तयार पारिएको **TOR** को आधारमा **Detail project Report (DPR)** गर्ने ।<br>• **TOR** का लागि हुने खर्च समेत यसै कार्यक्रममा समावेश गरीएको । |

| | |
|---|---|
| | • **Detail project Report (DPR)** को लागि प्रचलित सार्वजनिक खरिद ऐन ,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ मा भएको व्यवस्था बमोजिम **DPR** गर्ने कानुनी मान्यता प्राप्त फर्म कम्पनि संग सम्झौता गरि सेवा खरिद गर्ने ।<br>• अध्ययनबाट प्राप्त प्रतिवेदनहरु स्वीकृतिका लागि स्वास्थ्य मन्त्रालय, प्रदेश नं १, विराटनगरमा पेश गर्नु पर्नेछ । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, धनकुटा, पाँचथर, सुनसरी तथा इलाम । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

**१२.कार्यक्रमको नामः होमियोप्याथी औषधि खरीद (खर्च शीर्षक २७२१३, कोड ७.२.९.६)**

| उपशीर्षक | **विवरण** |
|---|---|
| **परीचय** | होमियोप्याथी औषधिहरुको सहज आपुर्ति एवं उपयोगलाई सुनिश्चित गर्दै होमियोप्याथी चिकित्सा सेवा सञ्चालन भएका स्वास्थ्य संस्थाहरुमा आउने सेवाग्रहीलाई अत्यावश्यक होमियोप्याथी औषधि निःशुल्क रुपमा निरन्तर उपलब्ध गराउने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरीएको हो । |
| **उद्देश्य** | • मुख्य रुपमा देखिने रोगहरूको प्राथमिकता अनुसार निरन्तर व्यवस्था हुनेगरी होमियोप्याथी औषधि खरिद गर्ने ।<br>• निःशुल्क औषधि सहितको सेवा निरन्तर प्रवाह गर्ने । |
| **अपेक्षित उपलब्धि** | आवश्यक सेवा र औषधिको नियमित उपलब्धता हुनेछ । |
| **सञ्चालन प्रक्रिया** | • होमियोप्याथी औषधि खरीद गर्दा जनस्वास्थ्य सेवा नियमावली, २०७७ को आधारभूत स्वास्थ्य सेवा ( होमियोप्याथी ) मा उल्लेख भएका रोगहरुलाई प्राथमिकतामा राखेर खरीद गर्नुपर्नेछ ।<br>• प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार होमियोप्याथी औषधिहरु खरिद गर्ने ।<br>• खरिद गरिएका औषधि सामाग्रीहरुको आम्दानी बाँधी दाखिला प्रतिवेदन निर्देशनालयमा पेश गर्ने । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरङ, प्रादेशिक अस्पताल, भद्रपुर र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, उर्लावारी । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

१३.कार्यक्रमको नामः  **होमियोप्याथी चिकित्सा सेवा कार्यक्रम (खर्च शीर्षक २२५२२, कोड २.७.२२.८१)**

| उपशीर्षक | विवरण |
|---|---|
| **परीचय** | वैकल्पिक चिकित्सा अन्तर्गत रहेको होमियोप्याथी चिकित्साको प्रवर्धन गर्न यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| **उद्देश्य** | तोकिएको स्वास्थ्य संस्थावाट होमियोप्याथी चिकित्सा सेवा सञ्चालन गर्ने । |
| **अपेक्षित उपलब्धि** | होमियोप्याथी चिकित्साका माध्यमवाट स्वास्थ्यको प्रवर्धन एवं विशेषगरी दीर्घ रोगहरुको उपचारमा सहयोग पुग्नेछ । |
| **सञ्चालन प्रक्रिया** | • सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि अन्तर्गत रहेर होमियोप्याथी चिकित्सा सेवा कार्यक्रम सञ्चालनका लागि एक जना होमियोप्याथी चिकित्सक आठौं तहमा तथा एक जना होमियोप्याथी सहायक पाँचौ तहमा करारमा नियुक्ति गर्ने ।<br>• यस अघि होमियोप्याथी चिकित्सा सेवा कार्यक्रम सञ्चालन भएका संस्थहरूमा काम गर्दै आएकालाई निरन्तरता दिन सकिने ।<br>• सेवा करारमा भएका कर्मचारीको कार्यसम्पादनको नियमित मुल्याङ्कन र अनुगमन गर्ने । |
| **बजेट बाँडफाँड** | रू १०,८६,०००/- (जनशक्तिको लागि पारिश्रमिक तथा चाडपर्व खर्च समेत समावेश गरीएको ) |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरङ, प्रादेशिक अस्पताल, भद्रपुर र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, उर्लावारी । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

१४.कार्यक्रमको नामः  **फिजियोथेरापी सेवा सञ्चालन (खर्च शीर्षक २२५२२, कोड २.७.२२.८२)**

| उपशीर्षक | विवरण |
|---|---|
| **परीचय** | मानव शरीरका विभिन्न अंग तथा प्रणालीहरु जस्तै नसा, मांसपेशी, हाडजोर्नी, स्नायु, श्वासप्रश्वास, रक्तसञ्चार आदिमा आउने समस्या वा क्षतिहरु लिएर आयुर्वेद संस्थामा उपचारका लागि आउने सेवाग्राहीहरुलाई शारीरिक व्यायाम, आधुनिक विद्युतीय तथा अन्य उपकरण, जीवनशैली सुधार आदिको प्रयोग गरी पहिलेजस्तो स्वतन्त्र जीवनशैली वा कार्यशैलीमा फर्काउने, जीवनस्तरमा सुधार ल्याउने र समुदायमा शारीरिक पुनस्स्थापना गराउने कार्यका लागि यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| **उद्देश्य** | तोकिएको आयुर्वेद संस्थावाट फिजियोथेरापी सेवा सञ्चालन गर्ने । |
| **अपेक्षित उपलब्धि** | फिजियोथेरापीका माध्यमवाट सेवा प्रभावकारीतामा अभिवृद्धि भएको हुनेछ । |

| | |
|---|---|
| **सञ्चालन प्रक्रिया** | • सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि अन्तर्गत रहेर फिजियोथेरापी सेवा सञ्चालनका लागि एक जना फिजियोथेरापी असिष्टेण्ट पाँचौ तहमा करारमा नियुक्ति गर्ने ।<br>• यस अघि फिजियोथेरापी सेवा सञ्चालन भएका संस्थहरूमा काम गर्दै आएकालाई प्राथमिकता दिने ।<br>• सेवा करारमा भएका कर्मचारीको कार्यसम्पादनको नियमित मुल्याङ्कन र अनुगमन गर्ने । |
| **बजेट बाँडफाँड** | रू ४,५२,०००/- (जनशक्तिको लागि पारिश्रमिक तथा चाडपर्व खर्च समेत समावेश गरीएको) |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, झापा । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

<u>अनुसूची १</u>

**पञ्चकर्म कक्षमा प्रयोग गरीने मुख्य उपकरणहरु**

| **क्र.सं** | **उपकरण** |
|---|---|
| १. | द्रोणी टेवल ( ९ x २.५ x २.५ फिट ) |
| २. | अभ्यंग टेवल ( ७ x ३ x २.५ फिट ) |
| ३. | स्वेदन बक्स (बिरामीलाई सुताएर वा बसाएर स्वेदन गर्न मिल्ने) |
| ४. | धारा यन्त्र |
| ५. | वाष्फ यन्त्र |
| ६. | ग्यास स्टोभ सेट |
| ७. | टब |
| ८. | मोर्टर र पेस्टल |
| ९. | साना भाँडाहरू बटुका, चम्चा आदि |

## अनुसूची २
## पञ्चकर्ममा प्रयोगहुने मुख्य औषधि सामाग्रीहरू

| | | | |
|---|---|---|---|
| १ | दशमूल तेल | २० | यष्टिमधु, आमलकी |
| २ | एरण्ड तेल | २१ | शीग्रु, अर्क, एरण्ड, अम्लिका, पञ्चक पत्र |
| ३ | लाक्षादि तेल | २२ | निर्गुण्डी, बलामूल, लसुन |
| ४ | महामाषादि तेल | २३ | तितेपाति |
| ५ | महानारायण तेल | २४ | धतुरो |
| ६ | प्रसारीणी तेल | २५ | गहत |
| ७ | सैन्धवादि तेल | २६ | कुमारी |
| ८ | षडविन्दु तेल | २७ | तुलसी, पारीजात, गुडुची, पुनर्नवा |
| ९ | ब्राम्ही तेल | २८ | कागती र अन्य साइट्रस फ्रुट |
| १० | त्रिफला घृत | २९ | हरिद्रा, मेथी, दालचीनी, सुकमेल, |
| ११ | गोघृत | ३० | शुण्ठी, मुस्ता, सौंफ |
| १२ | तिल तेल, सस्यूँ तेल | ३१ | सैन्धव लवण |
| १३ | दशमूल चुर्ण | ३२ | मधु |
| १४ | मदनफलादि चुर्ण | ३३ | तक्र, दुग्ध |
| १५ | इच्छाभेदी रस | ३४ | मुद्ग, गहुँ एवं माष चुर्ण |
| १६ | आरग्वध | ३५ | षष्टी शाली धान्य |
| १७ | त्रिवृत | ३६ | कोरा कपडा |
| १८ | वचा | ३७ | छानेको बालुवा आदि । |
| १९ | इक्षु रस | | |

# स्वास्थ्य निर्देशनालयबाट आयुर्वेद तथा वैकल्पिक चिकित्सा तर्फ सञ्चालन गरिने कार्यक्रमहरूको वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व. २०७९/८०)

( प्रदेश सरकार, माननीय मन्त्रीस्तर मिति २०७९/०४/२६ गतेको निर्णय अनुसार स्वीकृत)

**प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**प्रदेश नं १, बिराटनगर**

# विषयसूची


| क्र.सं | कार्यक्रमको नाम | पृष्ठ संख्या |
|---|---|---|
| १. | पञ्चकर्म-पूर्वकर्म सम्बन्धि आयुर्वेद स्वास्थ्यकर्मीहरुलाई क्षमता अभिबृद्धि तालिम | २ |
| २. | वस्ति चिकित्सा सम्बन्धि आयुर्वेद चिकित्सकहरुलाई क्षमता अभिवृद्धि तालिम | २ |
| ३. | मानसिक स्वास्थ्यका लागि योग तथा मनोपरामर्श कार्यक्रम | ३ |
| ४. | तालिम कार्यक्रम संचालनको म्यानुअल निर्माण | ४ |
| ५. | निःशुल्क होमियोप्याथी स्वास्थ्य शिविर | ५ |
| ६. | आयुर्वेद संस्थाहरुमा गुणस्तरीय सेवाका लागि अनुगमन तथा अनसाइट कोचिङ | ६ |

## प्रत्येक कार्यक्रम / क्रियाकलाप सञ्चालन गर्दा मूलतः कार्यालय प्रमुख, लेखा प्रमुख, फोकल पर्सनले ध्यान दिनुपर्ने महत्वपूर्ण कुराहरू

१. प्रत्येक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यस वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका राम्ररी अध्ययन गरी अनिवार्य रूपमा पालना गर्नु पर्दछ।

२. यस पुस्तिका उल्लेखित कुराहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका फोकल पर्सनको हुनेछ।फोकल पर्सन विषयसँग सम्बन्धित हुनु पर्नेछ।यदि विषयसँग सम्बन्धित फोकल पर्सन नभएको खण्डमा उक्त विषयमा दक्ष कर्मचारीलाई फोकल व्यक्तिको जिम्मेवारी दिनु पर्नेछ।

३. प्रत्येक स्वीकृत कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको प्रकृति र बजेटको परिधिभित्र रही प्रचलित **"सार्वजानिक खरिद ऐन, २०६३"**, **"सार्वजानिक खरिद नियमावली, २०६४"**, भ्रमण ऐन तथा नियमावली, प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं.१ को **"सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका,२०७५"**(अन्य कुनै ऐन, नियमावली, कार्यविधि, निर्देशिका नयाँ निर्माण भए सो समेत) बमोजिम कार्यक्रम सुरू गर्नुपूर्व कार्यक्रम सञ्चालन प्रक्रिया, अनुमानित खर्च, सहभागी तथा स्रोत व्यक्ति, सहजकर्ता विवरण, कार्यक्रम सञ्चालन हुने स्थान, मिति, खरिद गर्नुपर्ने मालसामानहरुको विवरण तथा खर्च रकम समेत बाँडफाँड गरि कार्यालय प्रमुखबाट टिप्पणी आदेश स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

४. सञ्चालन गरेको प्रत्येक कार्यक्रमको प्रतिवेदन सहित भौतिक तथा वित्तिय प्रगति विवरण त्रैमासिक रुपमा अनिवार्य स्वास्थ्य मन्त्रालय, विराटनगरमा पेश गर्नु पर्नेछ।

५. स्वास्थ्य मन्त्रालय, विराटनगरले कार्यक्रमको स्थलगत तथा उपलब्ध भएको प्रतिवेदनको आधारमा अनुगमन गर्न सक्नेछ।

१.कार्यक्रमको नामः **पञ्चकर्म-पूर्वकर्म सम्बन्धि आयुर्वेद स्वास्थ्यकर्मीहरुलाई क्षमता अभिबृद्धि तालिम (खर्च शीर्षक २२५१२, कोड २.६.४.५)**

| उपशीर्षक | **विवरण** |
|---|---|
| **परीचय** | आयुर्वेद स्वास्थ्यकर्मीहरुको पञ्चकर्म-पूर्वकर्म सम्बन्धि सीप विकास तथा क्षमता अभिवृद्धि गरी प्रदेश भित्रका आयुर्वेद स्वास्थ्य संस्थाहरुबाट प्रभावकारी ढंगले सेवा प्रवाह गर्न यो तालिम कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| **उद्देश्य** | आयुर्वेद स्वास्थ्यकर्मीहरुको पञ्चकर्म-पूर्वकर्म सम्बन्धि सीपको विकास तथा क्षमता अभिवृद्धि गर्ने । |
| **अपेक्षित उपलब्धि** | • आयुर्वेद स्वास्थ्यकर्मीहरुको पञ्चकर्म-पूर्वकर्म सम्बन्धि सीप विकास भई दक्षता अभिवृद्धि भएको हुनेछ।<br>• आयुर्वेद सेवा कार्यक्रमहरु प्रभावकारी र व्यवस्थित तवरले सञ्चालन गर्न सहयोग पुग्नेछ । |
| **सञ्चालन प्रक्रिया** | • जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा जिल्ला भित्रका आयुर्वेद औषधालयहरुबाट समेत सहभागीहरु छनौट गरी उपयुक्त समय र स्थानमा तालिम सञ्चालन गर्ने ।<br>• स्वास्थ्य निर्देशनालयबाट तत् सम्बन्धि म्यानुअल जारी भएपछि सोही अनुसार कम्तिमा तीन कार्यदिन हुनेगरी प्रयोगात्मक कक्षालाई प्राथमिकता दिएर पञ्चकर्म-पूर्वकर्म सम्बन्धि तालिम सञ्चालन गर्ने ।<br>• बढीमा २० जना सहभागीलाई समावेश गरी कम्तीमा ३ पटक यो तालिम सञ्चालन गर्ने ।<br>• तालिम सम्पन्न भए पश्चात सहभागीहरुको विवरण स्वास्थ्य मन्त्रालय, प्रदेश नं १, विराटनगर पठाउने । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय, धनकुटा । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

२.कार्यक्रमको नामः **वस्ति चिकित्सा सम्बन्धि आयुर्वेद चिकित्सकहरुलाई क्षमता अभिवृद्धि तालिम (खर्च शीर्षक २२५१२, कोड २.६.४.६)**

| उपशीर्षक | **विवरण** |
|---|---|
| **परीचय** | आयुर्वेद चिकित्सकहरुको वस्ति चिकित्सा सम्बन्धि सीप विकास तथा क्षमता अभिवृद्धि गरी प्रदेश भित्रका आयुर्वेद स्वास्थ्य संस्थाहरुबाट प्रभावकारी ढंगले सेवा प्रवाह गर्न यो तालिम कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |

| | |
|---|---|
| **उद्देश्य** | आयुर्वेद चिकित्सकहरुको वस्ति चिकित्सा सम्बन्धि सीपको विकास तथा क्षमता अभिवृद्धि गर्ने । |
| **अपेक्षित उपलब्धि** | • आयुर्वेद चिकित्सकहरुको वस्ति चिकित्सा सम्बन्धि सीप विकास भई दक्षता अभिवृद्धि भएको हुनेछ।<br>• आयुर्वेद सेवा कार्यक्रमहरु प्रभावकारी र व्यवस्थित तवरले सञ्चालन गर्न सहयोग पुग्नेछ । |
| **सञ्चालन प्रक्रिया** | • जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा आयुर्वेद अस्पतालमा कार्यरत चिकित्सकहरु छनौट गरी उपयुक्त समय र स्थानमा तालिम सञ्चालन गर्ने ।<br>• स्वस्थ्य निर्देशनालयबाट तत् सम्बन्धि म्यानुअल जारी भएपछि सोही अनुसार कम्तिमा पाँच कार्यदिन हुनेगरी प्रयोगात्मक कक्षालाई प्राथमिकता दिएर वस्ति चिकित्सा सम्बन्धि तालिम सञ्चालन गर्ने ।<br>• बढीमा १५ जना चिकित्सकलाई समावेश गरी कम्तीमा १ पटक यो तालिम सञ्चालन गर्ने ।<br>• तालिम सम्पन्न भए पश्चात सहभागीहरुको विवरण स्वास्थ्य मन्त्रालय, प्रदेश नं १, विराटनगर पठाउने । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय, धनकुटा । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

**३.कार्यक्रमको नामः मानसिक स्वास्थ्यका लागि योग तथा मनोपरामर्श कार्यक्रम (खर्च शीर्षक २२५२२, कोड २.७.२२.७५)**

| उपशीर्षक | विवरण |
|---|---|
| **परीचय** | समुदायमा विपद्का समयमा मानिसहरु डराउने, रिसाउने, आत्तीने, असुरक्षाको भावना विकसित हुने, किशोरकिशोरीहरुमा उदासिनताको समस्या, आत्महत्याका समस्या बढ्ने, आफ्नो कार्यक्षेत्र तर्फ लगाव कम हुने जस्ता समस्या बढेको पाइएकाले उक्त किसिमको तनावको व्यवस्थापन गरी जटिल प्रकारको मानसिक समस्या विकसित हुन नदिनकालागि योग तथा मनोपरामर्श कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| **उद्देश्य** | • विद्यालयमा कार्यरत नर्स, शिक्षकशिक्षिका एवं अन्य स्वास्थ्यकर्मीहरुलाई मनोसामाजिक समस्या पहिचान गर्ने ज्ञान सीप विकास गर्ने ।<br>• योगका माध्यमबाट तनाव तथा मनोसामाजिक समस्याहरुको व्यवस्थापन गर्न सहयोग पुग्ने। |

| | |
|---|---|
| **अपेक्षित उपलब्धि** | • किशोरकिशोरीहरुमा समयमानै मनोसामाजिक समस्याहरुको पहिचान भई उपचारमा सहयोग पुगेको हुनेछ ।<br>• जटिल प्रकारको मानसिक रोग उत्पन्न हुनबाट जोगिन सघाउ पुग्नेछ ।<br>• योगका माध्यमबाट तनाव तथा मानसिक समस्याहरुको व्यवस्थापनमा सहयोग पुग्नेछ । |
| **सञ्चालन प्रक्रिया** | • स्वास्थ्य निर्देशनाल, धनकुटाले यस कार्यक्रम सञ्चालनका लागि उपयुक्त समय एवं स्थानको छनौट गर्ने ।<br>• उक्त कार्यक्रममा कक्षा आठ, नौ र दसका विद्यार्थी, विद्यालय नर्स, विद्यालयका शिक्षकशिक्षिका, सम्बन्धित स्थानीय तहका स्वास्थ्यकर्मीहरु एवं महिला स्वास्थ्य स्वयंसेविकालाई सहभागी गराउनु पर्नेछ ।<br>• कार्यक्रम सञ्चालनका लागि सार्वजनिक खरिद ऐन एवं नियमावली बमोजिम सरोकारवाला संघ संस्था चयन गरी सोही संघ संस्था मार्फत कार्यक्रम सञ्चालन गर्ने ।<br>• संघ संस्था चयन गर्दा मनोपरामर्श सम्बन्धि कार्य गरीरहेको अनुभव भएकालाई चयन गर्नुपर्दछ ।<br>• छनौट भएका संघ संस्थाले योग चिकित्सक, मनो चिकित्सक, आध्यात्मिक उपदेष्टा, मोटिभेशनल स्पीकरलाई स्रोत व्यक्तिका रुपमा आमन्त्रण गरी उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।<br>• कार्यक्रममा स्वास्थ्य मन्त्रालयका प्रतिनिधि तथा सम्बन्धित जिल्लाको आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुखलाई समेत आमन्त्रण गर्नु पर्नेछ ।<br>• आवश्यकता अनुसार एक भन्दा बढी समुहमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।<br>• मानसिक स्वास्थ्यका लागि योग तथा मनोपरामर्श कार्यक्रम प्रदेश नं १ का कम्तीमा तीनवटा जिल्लामा सञ्चालन भएको हुनुपर्नेछ । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय, धनकुटा । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

४.कार्यक्रमको नामः **तालिम कार्यक्रम संचालनका लागि म्यानुअल निर्माण (खर्च शीर्षक २२५२२, कोड २.७.२२.७६)**

| उपशीर्षक | विवरण |
|---|---|
| **परीचय** | आयुर्वेद संस्थाहरुबाट प्रवाह गरीने सेवाहरुमा पञ्चकर्म- पूर्वकर्म, वस्तिकर्म जस्ता उपचारात्मक विधिको महत्वपुर्ण स्थान रहेको छ।पञ्चकर्म-पूर्वकर्म अन्तर्गत रहेको स्नेहन एवं स्वेदन कर्म वात जनित व्याधिहरुको लागि वर्णन गरीएको तथा वस्तिकर्मलाई आयुर्वेदमा अर्ध-चिकित्साको रुपमा व्यवहार गरिएबाट यसको महत्व सिद्ध हुन्छ।अतः |

| | |
|---|---|
| | आयुर्वेद संस्थाहरुबाट प्रदान गरीने ती सेवाहरुलाई गुणस्तरीय बनाएर सेवाको प्रभावकारीता बढाउनु पर्ने आवश्यकता छ। यसका लागि यस क्षेत्रमा कार्यरत जनशक्तिहरुको क्षमता विकासका लागि आवश्यक पर्ने तालिमलाई व्यवस्थित रुपले सञ्चालन गर्न म्यानुअल निर्माण कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | पञ्चकर्म-पूर्वकर्म तथा वस्ति चिकित्सा सम्बन्धि तालिमलाई व्यवस्थित ढंगले सञ्चालन गर्ने। |
| **अपेक्षित उपलब्धि** | आयुर्वेद स्वास्थ्यकर्मी तथा चिकित्सकहरुको लागि पञ्चकर्म-पूर्वकर्म तथा वस्तिकर्म सम्बन्धि सीप एवं दक्षता विकासको लागि तालिम म्यानुअल निर्माण भएको हुनेछ । |
| **सञ्चालन प्रक्रिया** | • तालिम सञ्चालनका लागि आवश्यक पर्ने म्यानुअलहरुको सूची तयार पार्ने ।<br>• तालिम म्यानुअलको निर्माण गर्दा प्रचलनमा रहेका फर्म्याट अनुसारको प्रदेश स्वास्थ्य तालिम केन्द्रको समन्वयमा निर्माण गर्ने ।<br>• प्रदेश भित्र रहेका सम्बन्धित विषयविज्ञहरुको सूची तयार गर्ने ।<br>• म्यानुअल तयारीका लागि अनुभवी विशेषज्ञहरुलाई विषयविज्ञको रुपमा करार सम्झौता गरी कार्य गराउन समेत सकिनेछ ।<br>• विषयविज्ञले तयार गरेको म्यानुअललाई पुनः अन्य विषयविज्ञहरुसंग समेत छलफल गरी अन्तिम रुप दिनुपर्नेछ ।<br>• यसरी छलफल पछी तयार भएको म्यानुअल स्वीकृत भएपश्चात मात्र प्रयोगमा ल्याउनु पर्नेछ । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय, धनकुटा । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

**५.कार्यक्रमको नामः निःशुल्क होमियोप्याथी स्वास्थ्य शिविर (खर्च शीर्षक २२५२२, कोड २.७.२२.७७)**

| उपशीर्षक | **विवरण** |
|---|---|
| **परीचय** | होमियोप्याथी चिकित्सा सेवा नपुगेका स्थानहरुमा शिविर सञ्चालन गरी यस सेवा सम्बन्धि सचेतना बढाउन तथा होमियोप्याथी चिकित्साको प्रवर्धन गर्न यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| **उद्देश्य** | पहुँच नपुगेका स्थानहरुमा होमियोप्याथी चिकित्सा सेवा सम्बन्धि सचेतना र सेवा प्रवाह गर्ने । |
| **अपेक्षित उपलब्धि** | सेवाग्रहीहरुको स्वास्थ्य लाभ एवं सचेतना वृद्धि भई होमियोप्याथी चिकित्सा सेवाको प्रवर्धन गर्न सघाउ पुग्नेछ । |

| | |
|---|---|
| **सञ्चालन प्रक्रिया** | • स्वास्थ्य मन्त्रालय, विराटनगरसंग समन्वय गरी छनौट भएको स्थानमा निःशुल्क होमियोप्याथी स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्नेछ ।<br>• शिविर सञ्चालन गर्दा स्थानीय तह र साझेदार संस्था समेतको सहभागितामा आवश्यक जनशक्ति, औषधि तथा स्वास्थ्य सामाग्रीहरु एवं अन्य व्यवस्थापन गर्नुपर्नेछ । |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय, धनकुटा । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

**६.कार्यक्रमको नामः आयुर्वेद संस्थाहरुमा गुणस्तरीय सेवाका लागि अनुगमन तथा अनसाइट कोचिङ (खर्च शीर्षक २२६११, कोड २.८.१.५)**

| उपशीर्षक | **विवरण** |
|---|---|
| **परीचय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरुबाट गुणस्तरीय सेवा प्रदान गर्ने कार्यलाई थप सुदृढ गर्न अनुगमन तथा अनसाइट कोचिङ कार्यक्रम सञ्चालन गरीएको हो । |
| **उद्देश्य** | आयुर्वेद स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय सेवा प्रवाहका लागि स्वास्थ्यकर्मीहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने तथा आयुर्वेद सेवा प्रदान गर्ने कार्यस्थललाई व्यवस्थित र सेवा मैत्री बनाउने । |
| **अपेक्षित उपलब्धि** | • आयुर्वेद स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय सेवा प्रवाहका लागि स्वास्थ्यकर्मीहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि भएको हुनेछ ।<br>• आयुर्वेद सेवा प्रदान गर्ने संस्था व्यवस्थित र सेवा मैत्री बनाउन सहयोग पुग्नेछ। |
| **सञ्चालन प्रक्रिया** | • आयुर्वेद स्वास्थ्य संस्थाहरुबाट उपलब्ध हुने स्वास्थ्य सेवाहरु जस्तै वहिरंग सेवा, अन्तरंग सेवा, पञ्चकर्म सेवा, पूर्वकर्म सेवा, क्षारसूत्र चिकित्सा सेवा, जेष्ठ नागरीक सेवा, स्तनपायी आमा सेवा, फार्मेसी सेवा आदिको कायम रहेको गुणस्तरलाई वृद्धि गर्न प्राविधिक सहयोग, मेन्टोरिङ तथा कोचिङ गर्नु पर्नेछ।<br>• यस कार्यका लागि निर्देशनालयले आवश्यकता अनुसारको मेन्टोरिङ, कोचिङ तथा प्राविधिक सहयोगका लागि टोली बनाउनु पर्नेछ ।उक्त टोलीमा कार्यक्रमको फोकल पर्सन सहित विषय संग सम्बन्धित विज्ञ अनिवार्य सहभागी हुनु पर्नेछ।<br>• प्रत्येक पटक गरीएको प्रविधिक सहयोग, अनसाइट कोचिङ तथा मेन्टोरिङ पश्चात प्राप्त निष्कर्षहरुको बारेमा सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुख लगायत कर्मचारीहरु एवं अस्पताल व्यवस्थापन समितिका सदस्यहरु सहित वैठक बसी आयुर्वेद स्वास्थ्य कार्यक्रम र सेवाको गुणस्तरीयताका लागि छलफल एवं |

| | |
|---|---|
| | अन्तरक्रिया गरी माइन्युटिङ गर्ने ।<br>• सञ्चालन गरीएको कार्यक्रम, प्रदान गरीएका सेवाहरुको अभिलेख, एवं अनसाइट कोचिङ तथा मेन्टोरिङ सम्बन्धि विषयवस्तु समेत संलग्न गरी विस्तृत प्रतिवेदन तयार गर्ने । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय, धनकुटा । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |